
# जिम्मेवारीहरु

आफ्नो वर्तमान स्वास्थ्य सम्बन्धि जानकारी, विगतका अस्वस्थता, कुनै प्रकारको एलर्जी एवम् अन्य सम्बन्धित जानकारीहरु स्वास्थ सेवा प्रदायकहरुलाई जति सक्दो बढी मात्रामा दिने ।





प्रस्तावित र स्वीकृत उपचार योजनाको पालना गर्नु र सम्बन्धित निर्देशनहरुको शुद्ध अन्तःकरणले पालना गर्नु ।



बिरामीको आचरण सम्बन्धी अस्पतालका नियमहरुको पालना गरी अरु बिरामीहरु र स्वास्थ्य स्याहार प्रदायकहरुको अधिकारको उचित विचार गर्नु ।




अस्पताल एवम् क्लिनिकसंग राखिएका पूर्वनिश्चय भेट समयको सही अनुसरण गर्ने । यदि तोकिएको समयमा जान नसके जतिसक्दो चांडो अस्पताल एवम् क्लिनिकलाई खबर गर्ने ।

स्वास्थ केन्द्रहरुमा भ्रमपूर्ण, असत्य, अनुचित जानकारीहरुको माग जस्तै झूठो रसिद, प्रमाणपत्रहरुको माग नगर्ने ।






चिकित्सा सम्बन्धि साधनहरुको अनावश्यक रुपमा खर्च नगर्ने ।


## क्वीन एलिजाबेथ अस्पताल बिरामी सेवा कार्यालय

3506 8438

qeh.pro@ha.org.hk

http://www.ha.org.hk


尼泊爾語 Nepalese

# बिरामीको अधिकार पत्र



醫院管理局 HOSPITAL AUTHORITY

विरामीको अधिकारपत्रको मुख्य उद्देश्य तंपाईहरुलाई हङ्कङ्गस्थित कुनै पनि सार्वजनिक अस्पतालहरु प्रयोग गर्दा आफ्नो अधिकार एवम् जिम्मेवारीहरु सम्बन्धी जानकारी दिनु हो । तपाईको अधिकार एवम् जिम्मेवारीहरु थाहा पाएको र बुझेको खण्डमा विरामीलाई स्वास्थ सेवा प्रदायकहरुसंग तपाईको सम्बन्ध हितकारक बनाउन सजिलो हुनेछ ।

स्वास्थ सेवा प्रक्रियाको प्रभावकारीतालाई थप अभिवृद्धि गर्ने दृष्टिकोण अनुसार यस अधिकारपत्रले समुदाय र अस्पतालले कसरी साझेदारको रुपमा सकारात्मक एवं खुला सम्बन्धमा कार्य गर्न सक्छन् भन्ने सम्बन्धमा उपायहरु पहिल्याउँछ ।

# अधिकारहरु

## स्वास्थ्य उपचार सम्बन्धी अधिकार



स्याहार र गुणस्तर सम्बन्धी विद्यमान मापदण्डको पूर्ण परिपालना सहितको स्वास्थ्य सुझाव र उपचारको अधिकार ।

विद्यमान स्वीकार्य मापदण्ड भनेका ती हुन् जसलाई जिम्मेवार पेशागत संस्थाद्वारा सर्वस्वीकार्य आधुनिक चिकित्सा व्यवहार अनुकूल अनुशरण गरिएको हुन्छ ।

## सूचनाको अधिकार

उपलब्ध स्वास्थ्य स्याहार सेवाहरु र लाग्ने शूल्कहरु सम्बन्धी सूचनाको अधिकार



यी सूचना अस्पतालहरुमा सजिलैसंग उपलब्ध हुनुपर्छ ।



तपाईसंग सूचनाको अधिकारले छ जसले तपाईको उपचार सम्बन्धि निर्णय गर्नमा सहयोग गर्नसक्छ ।

आफ्नो शरीरको स्वास्थ्य अवस्था, रोगको पहिचान र निदान सम्बन्धि स्पष्ट विवरण एवम् प्रस्तावित उपचार लगायत साझा जोखिमहरु र अन्य विकल्पहरुको जानकारी पाउने अधिकार ।

प्रस्तावित औषधीको नाम, त्यसको सामान्य प्रभाव र तपाईको अवस्थानुसार हुन सक्ने सम्भावित प्रतिक्रियाहरुको विषयमा जान्ने अधिकार ।




औषधीहरुको नामपत्र टांस्ने कार्य हरेक सार्वजनिक अस्पतालहरुमा सन् १९९४ देखि पूर्णतया लागू गरिएको छ । यसले तपाईलाई प्रस्तावित गरिएको औषधीहरु सम्बन्धी पूर्ण जानकारी दिन्छ ।



चिकित्सा जानकारीहरुको पहुंचको अधिकार जुन तपाईको अवस्था र उपचारसंग सम्बन्धित हुन्छ ।

यस अधिकारले तपाईलाई आफ्नो उपचार एवं स्वास्थ्य स्याहार सम्बन्धी सुविधाहरुको निरन्तरता सम्बन्धी निर्णयमा सहभागि हुन सक्षम बनाउँछ । सूचनाको प्रावधान अस्पतालहरुको अभ्यास र संचालन कार्यविधि अनुसार हुनेछ ।

## छनौटको अधिकार

कुनै औषधी, चिकित्सा सेवा, अनुसन्धान एवम् उपचार विधि स्वीकार वा अस्वीकार गर्ने तथा तिनको सम्भावित परिणामको बारेमा जान्ने अधिकार ।



कुनै औषधी, चिकित्सा सेवा, अनुसन्धान एवम् उपचार विधि स्वीकार्ने वा अस्वीकार्ने सम्बन्धी तपाईको चाहनाको सम्मान गरिनेछ । तर तपाईको अस्वीकार्ने चाहनाबाट हुने नतिजाका विषयमा तपाईको स्पष्ट विचार हुने जरुरी हुन्छ ।



सार्वजनिक अस्पतालहरुमा तपाईलाई प्राय एउटा चिकित्सा सम्बन्धी जानकार राख्ने टोलीले हेरचाह गर्ने हुँदा तपाईले एक भन्दा बढी चिकित्सकहरुको राय लिने फाइदा लिन सक्नुहुन्छ । यदि तंपाईलाई अन्य राय, सल्लाह प्राइभेट सेक्टरका चिकित्सकहरुबाट लिने खांचो भएमा, तंपाईले आफ्नो पहलमा सार्वजनिक अस्पताल व्यवस्था बाहिर रहेर लिन सक्नु हुन्छ ।

दोस्रो चिकित्सा उपायको अधिकार

चिकित्सा सम्बन्धी अनुसन्धान कार्यक्रमहरुमा भाग लिने या नलिने अधिकार ।



सार्वजनिक अस्पतालहरुद्वारा संचालित कुनै पनि चिकित्सा सम्बन्धि अनुसन्धान कार्यक्रममा भाग लिन तंपाईको लिखित मंजुर चाहिन्छ । त्यस्ता अनुसन्धान कार्यक्रमहरुको सम्पूर्ण पक्षका बारेमा तंपाईलाई अगाडि नै जानकारी दिइनेछ ।

## गोपनियताको अधिकार



तपाईको गोपनियता, मर्यादा साथै धार्मिक एवम् सांस्कृतिक विश्वासको पूर्ण सम्मान सम्बन्धी अधिकार ।

अरु बिरामी र स्वास्थ्य सेवा प्रदायकहरुको हक अधिकारलाई मर्का नपर्ने हदसम्म तपाईको व्यक्तिगत विश्वास एवम् चाहनाको पूर्ण कदर गरिनेछ । ऐतिहासिक कारणले गर्दा विभिन्न अस्पतालहरुमा रहेका सुविधाहरुको मापदण्ड र भौतिक बनोवट फरक फरक छन । तर तपाईको गोपनियताको संरक्षणको न्यूनतम मापदण्ड पूरा गर्न सबै प्रयासहरु गरिनेछ ।

आफ्नो चिकित्सा अवस्था सम्बन्धि जानकारीलाई गोप्य राख्न पाउने अधिकार ।



सामान्यत, तपाइंको चिकित्सा सम्बन्धि जानकारी तपाईको स्पष्ट स्वीकृति बिना अरु कसैलाई दिइने छैन ।

## शिकायत गर्ने / गुनासोको अधिकार

अस्पताल विभागबरा शिकायत गर्नको लागि प्रदान गरिएका प्रणाली मार्फत तपांइलाई अस्पतालको सेवा सम्बन्धि शिकायत गर्ने र सो शिकायतलाई शीघ्र एवं निष्पक्ष रुपमा सुनुवाई गराउन पाउने अधिकार ।




प्रत्येक अस्पताल या क्लिनिकमा, बिरामी सम्बन्धि अफिसर हाजिर रहनेछन्, जो मार्फत तपाईले आफ्नो आधिकारिक शिकायत मौखिक वा लिखित रुपमा दिन सक्नु हुनेछ । शिकायत सम्बन्धि निवेदनको सम्बन्धित टोलीद्वारा पूर्ण छानबिन र खोजी गरिनेछ । तपाईले आफ्नो शिकायतबारे मूनासिब समयभित्र पूर्ण एवम् विस्त्रित जवाफ पाउनु हूनेछ । साथै त्यस जवाफमा के कस्ता सुधारहरु गएिका छन् या निकट भविष्यमा गरिनेछ भन्ने कूराको पनि जानकारी गराइनेछ ।